"सम्य र समृद्ध तुम्बेवा"

# नीति तथा कार्यक्रम

## आ.व. २०७९/०८०

तुम्बेवा गाउँपालिकाको गाउँसभाबाट स्वीकृत मिति २०७९ /०३/१०

## तुम्बेवा गाउँपालिका

मौवा, पाँचथर

१ नं. प्रदेश, नेपाल

२०७९

जय तुम्बेवा

**गाउँसभाका सम्पूर्ण सदस्यहरु,**

१. यस गाउँपालिकाको दोस्रो गाउँसभाको प्रथम अधिवेशनमा आगामी आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई अत्यन्तै खुसी लागेको छ । आ.व. २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर तथा तुम्बेवा गाउँपालिकाको अध्यक्ष जस्तो गरिमामय पदमा स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित गराउनु भएकोमा सम्पूर्ण तुम्बेवाबासी न्यायप्रेमी मतदाता तथा सुभेच्छुक महानुभावहरुमा आभार तथा कृतज्ञता व्यक्त गर्दछु । यस अवसरमा यो गरिमामय सभामा उपस्थित हुनुभएका सम्पूर्ण गाउँसभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु साथै बुद्धिजीविहरु लगायत उपस्थित महानुभावहरु प्रति हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु ।

२. वर्तमान नेपालको संविधानले संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीयतह सरकार स्थापनासँगै २०७४ साल असार १४ गते सम्पन्न स्थानीयतहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुको ५ वर्षे पहिलो नेतृव्व कार्यकाल सम्पन्न भएपश्चात २०७९ बैशाख ३० गते सम्पन्न दोस्रो स्थानीयतह निर्वाचनबाट स्थानीय तहले नयाँ जनप्रतिनिधिहरुको रुपमा स्थानीय सरकार संचालन गर्ने कुशल नेतृव्व तुम्बेवाले पाएको छ । जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा स्थानीय सरकार रहेको छ । **'सभ्य र समृद्ध तुम्बेवा'** को दिर्घकालिन सोच र लक्ष्य प्राप्त गर्न तुम्बेवा गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय विकास, सुशासन, भौतिक पूर्वाधारहरुको दिर्घकालिन व्यवस्थापन, सामाजिक समावेशिकरण, वन तथा विपद् व्यवस्थापन, फोहोरमैला व्यवस्थापन

गरी स्वच्छता प्रवर्द्धन तथा अन्य जनजीवनसँग जोडिएका सवालहरुलाई यस गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट योजना/आयोजनाहरु माफर्त कार्यान्वयन गरिनेछ । सीपमूलक र गुणस्तरीय शिक्षा, प्राविधिक शिक्षा, सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य, स्वच्छ खानेपानी, विद्युतको नियमित आपूर्ति, बजार व्यवस्थापन, सडक तथा सवारीसाधनको व्यवस्थापन, संचार क्षेत्रको समुचित विकास र सबैलाई सम्मानजनक रोजगारीको व्यवस्थाका साथै लुप्त अवस्थामा रहेका संम्भावनाहरुको पहिचान र विकास यस योजनाको कार्यान्वयन मार्फत गरिनेछ ।

३. तुम्बेवा गाउँपालिका भौगोलिक रुपमा ११७.३४ वर्ग किलोमिटर क्षेत्रफलमा रहेको आवस्थाको जानकारी गराउदै पूर्वमा सुइपाले भञ्ज्यांङ धुँवाखोला, पश्चिममा नावाखोला डिहिटार, उत्तरमा साँवासेरा र दक्षिणमा पेकुवादोभान नावाखोला सम्म फैलिएको छ । विभिन्न जातजाति, भाषा संस्कृती, मठमन्दिर, चर्च, गुम्बा र प्राकृतिक सम्पदा रहेका छन् । अधिकांश नागरिकहरु प्रमुख पेशाको रुपमा कृषि क्षेत्रमा आश्रित रहि जीवनयापन गरिहेका छन् । यस गाउँपालिकाको अधिकांश क्षेत्रहरु सुख्खाग्रस्त रहेको कारण उर्वर भूमी भएता पनि सिँचाइको समस्या ठूलो छ । यातायात, स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन लगायत विभिन्न समस्याहरु रहेका छन् । यी यावत समस्याहरुलाई समाधान गर्न आम तुम्बेवाबासी र स्थानीय सरकारले आ-आफ्नो कर्तव्य निर्वाह गर्दै देशकै नमूना गाउँपालिका बनाउन भगिनी सम्बन्ध स्थापित, समन्वय र सहकार्य गर्दै पालिकाले आ-आफ्नो क्षेत्रमा विज्ञता हासिल गरेको जनशक्तिको पहिचान गरेर समन्वय, सहकार्य र सल्लाहकार समिति गठन गरि '**सभ्य र समृद्ध तुम्बेवा**' निर्माण को लागि पहल गरिनेछ ।

४. नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वभिमान, लोकतन्त्र र जनजीविकाको लागि भएका विभिन्न न्यायपूर्ण आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नेपाली समाजको रुपान्तरणमा वहाँहरुले पुर्‍याउनु भएको महान योगदानको उच्च मूल्याङ्कन गर्दै हार्दिक सम्मान समेत व्यक्त गर्दछु ।

५. '**सभ्य र समृद्ध तुम्बेवा**' को निर्माण गर्न नेपालको संविधान, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, स्थानीय सरकार संचालन ऐनबाट प्रद्धत्त अधिकारहरुको प्रयोग गर्दै आधारभूत ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डहरु, आवधिक योजना, पन्धौं राष्ट्रिय योजना, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, दिगोविकास लक्ष्य, विषयगत शाखाहरुका ऐन, नीति र रणनीतिहरु विगतका उपलब्धी र पुरा हुन बाँकी योजना तथा कार्यक्रमहरु, टोल तथा वडास्तरबाट प्राथमिकतामा परेका योजनाहरु, बुद्धिजीवि वर्ग तथा सरोकारवालाहरुबाट प्राप्त सल्लाह-सुझाव, स्रोत र साधनको उपलब्धता नीति, कार्यक्रम र बजेट तर्जुमाका मार्गदर्शनहरु रहेका छन् ।

**सम्पूर्ण सदस्यहरु**

अब म आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व तुम्बेवा गाउँपालिकाको पहिलो आवधिक योजनाले परिलक्षित गरेको यस गाउँपालिकाको दिर्घकालिन सोच, लक्ष्य र उद्येश्यको बारेमा छोटो भनाई प्रस्तुत गर्दछु ।

**दिर्घकालिन सोचः** 'सभ्य र समृद्ध तुम्बेवा'

**लक्ष्यः**

'सभ्य र समृद्ध तुम्बेवा' बनाउने दिर्घकालिन सोचका साथ कृषिमा व्यवसायीकरण, बजारीकरण तथा रोजगारी सृजना, कला भाषा संस्कृतिको संरक्षण, पर्यटन प्रवर्द्धन, प्राविधिक तथा प्रविधिमैत्री शिक्षा, आधारभूत स्वास्थ्य, दिगो पूर्वाधार विकास, सुशासनको प्रत्याभूति एवम् प्राकृतिक सम्पदाहरुको संरक्षणबाट जीवनस्तरमा सुधार गर्दै समतामूलक समाज निर्माण भएको हुनेछ ।

**उद्धेश्यः**

**आर्थिक विकास** तर्फ कृषिमा व्यवसायीकरण, पर्यटन प्रवर्द्धन, उद्योग व्यापार व्यवसायमा आधुनिकिकरण एवम् वित्तिय क्षेत्रमा सहज पहुँचबाट रोजगारीका अवसरहरु सृजना गर्दै आयस्तरमा बृद्धि गर्नु । **सामाजिक विकास** तर्फ गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य एवम् सुरक्षित खानेपानी लगायतका सामाजिक सेवाहरुमा सहज पहुँच अभिबृद्धि गर्दै समन्यायीक एवम् समतामूलक समाज निर्माण गर्न । **पूर्वाधार विकास** तर्फ गुणस्तरिय पूर्वाधारको प्रवर्द्धनबाट आम नागरिकको जनजीवनमा सहजता तुल्याउनु । **वन वातावरण तथा विपद् व्यवस्थापन** तर्फ विपद् जोखिम न्यूनीकरण तथा वातावरणीय सन्तुलन कायम राख्दै प्राकृतिक श्रोत र सम्पदाको दिगो उपयोगबाट नागरिकहरुको जीविकोपार्जनमा सहजता तुल्याउने । **सुशासन तथा संस्थागत विकास** तर्फ सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी , पारदर्शी र जवाफदेही बनाउनु ।

६. गाउँपालिका अन्तर्गतका क्रमागत योजना तथा आयोजनाहरुलाई सम्पन्न गर्न गाउँपालिकाको प्रशासकीय भवन, २ नं. वडा कार्यालय भवन, सिँचाई आयोजनाहरु यस आ.व.मा निरन्तरता दिदै लगिनेछ । यसको अलावा दीर्घकालीन योजनाहरुको लागि प्रदेश सरकार तथा संघीय सरकार समक्ष पहल गरिनेछ ।

७. तुम्बेवा रिङरोडको निर्माण तथा स्तरउन्नतीको लागि पालिकाले बेहोनुपर्ने ३० प्रतिशत बराबरको रकम व्यवस्थापन गरिनेछ ।

८. सिँचाई आयोजनाहरु अन्तर्गत डुम्म्रीबोटे कुलो, बतासे कुलो, चितुवाखर्क कुलो, धनपतिटार कुलो, याङखुवा धोवेनी कुलो, मभ्कुवाखेत कुलो, ढुङ्गे कुलो, साह्रसय कुलो, हर्लाबोटे पिपलबोटे बिच कुलो, सल्लेरी कुलो सिँचाई योजनाहरुमा जम्मा विनियोजित रकमको पालिकाले बेहोनुपर्ने २० प्रतिशत बराबरको रकम व्यवस्थापन गरिनेछ ।

९. पालिका तथा वडा अन्तर्गतका सडकहरु बर्षातको कारणले बर्सेनी हुने क्षती र उक्त सडकहरु मर्मत संम्भारमा हुने ठूलो खर्चलाई न्यूनीकरण गर्न तथा पालिकाको सडकहरुलाई बाह्रैमास संचालन र स्तरउन्नती गर्नको लागि जे.सि.वि.को खरिद गरी संचालन गरिनेछ ।

१०. पालिकास्तरीय व्याडमिन्टन कवर्डहल, दशमी बजारमा व्याडमिन्टन हल र तुम्बेवा ३ स्थित ओखबोटे बजार पहिचानको लागि आखरको प्रतिमा निर्माण गर्नको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

११. नियमित रुपमा खानेपानी आपुर्ति गर्नको लागि आवश्यक ठाउँहरुमा खानेपानी ट्यांकी निर्माण, पानीको स्रोतको संरक्षण तथा मर्मत र पाइपको व्यवस्थापन गरिनेछ ।

१२. बर्षातको समयमा आमनागरिकहरुलाई नावा खोलामा बाढीको कारणले आवतजावतमा हुने जोखिमलाई अन्त्य गर्न दुवै पट्टी झोलुङ्गेपुलमा मोटरसाइकल जाने बाटोको निर्माण गरिनेछ ।

१३. उज्यालो पालिका सबैको चाहना अन्तर्गत गाउँपालिकाका सम्पूर्ण वडाहरुका मुख्य मुख्य बजारहरुमा हुनसक्ने दुर्घटना, चोरी र अपराध न्यूनीकरण गर्न टावरलाइट (सडक बत्ति) को व्यवस्थापन गर्दै लगिनेछ ।

१४. कृषिमा व्यवसायीकरण तथा रोजगारी सृजना, कला भाषा संस्कृतीको संरक्षण, पर्यटन प्रबर्द्धन प्राविधिक तथा प्रविधिमैत्री शिक्षा, दिगो पूर्वाधार विकास, सुशासनको प्रत्याभूति एवं प्राकृतिक सम्पदाहरुको संरक्षणबाट जीवनस्तरमा सुधार गर्दै समतामूलक समाज निर्माण गर्दै लगिनेछ ।

१५. श्रमिक, किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी सीप विकास तालिम र रोजगारी सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।

१६. उपभोक्ता समिति गठन गर्दा क्षेत्रगत, लैङ्गिक, जातीय समानुपातिक प्रतिनिधित्व तथा लक्षित वर्गलाई प्राथमिकता दिइनेछ  साथै उक्त समितिको आवश्यकता अनुसार क्षमता अभिबृद्धि गरिनेछ ।

१७. जथाभावी सडक निर्माण गर्ने कार्यलाई पूर्णत विशेष गरी वातावरणीय प्रभाव मूल्यांकन एवं डि.पि.आर. पश्चात र बायो ईञ्जिनियरिङ प्रविधिलाई पनि आवश्यकता अनुसार अवलम्बन गरी सडक निर्माण गर्ने परिपाटिको विकास गरिनेछ ।

१८. संघीय सरकारबाट प्राप्त विशेष अनुदानलाई सम्पूर्ण वडाहरुमा समानुपातिक रुपमा कार्यान्यिन गरिनेछ । साथै समपुरक कोषको व्यवस्था गरी प्रदेश तथा संघीय सरकारसँग प्राप्त हुने समपुरक अनुदानलाई गाउँपालिकाको ठूला तथा महत्वपूर्ण योजना सम्पन्न गर्ने नीतिलाई अङ्गिकार गरिनेछ । शिक्षा, स्वास्थ्य, कृषि, पशु, वन तथा पर्यटन जस्ता विषयगत शाखाहरुलाई आएको सशर्त अनुदानको रकमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिइनेछ ।

१९. **"तुम्बेवाको आधारः गुणस्तरीय पूर्वाधार"** लाई सम्बोधन गर्न गाउँपालिका केन्द्र र वडा कार्यालयहरु जोडिने मुख्य सडकहरुलाई स्तरोन्नती गरिनेछ ।

२०. पालिका अन्तर्गत निर्माण हुने भौतिक संरचनाहरु बालमैत्री, अपांगमैत्री, महिला तथा जेष्ठ नागरिक मैत्री बनाइनेछ साथै पालिका क्षेत्र भित्र निर्माण गरिने निजि भवनको समेत मापदण्ड निर्धारण गरी नक्सापास गरेर मात्र भवन निर्माण इजाजत दिइनेछ ।

२१. पानीका स्थायी श्रोत तथा मुहानहरुको पहिचान गरी सम्भाव्यताका आधारमा श्रोतहरुको सदुपयोग गर्दै स्वच्छ पिउनेपानी र खेतीयोग्य क्षेत्रहरुमा सिँचाईको सुविधा उपलब्ध गराइनेछ ।

२२. सुख्खा क्षेत्रहरुलाई सम्बोधन गर्दै बर्षातको पानी संकलन गर्न प्लाष्टिक पोखरी निर्माण गरिनेछ साथै विपन्न वर्गको आय बृद्धिको लागि करेसावारीमा व्यवसायिक तरकारी खेती गर्न सहयोग उपलब्ध गराइनेछ ।

२३. संघीय, प्रदेश, स्थानीय सरकार, दातृनिकाय र उपभोक्ताहरुको लागत सहभागितामा सिँचाई आयोजनाहरु संचालन गरिनेछ । आयोजनाको दिगोपनाको लागि स्थानीयहरुको अपनत्व सृजना गर्ने, नियमित रुपमा तिनीहरुको मर्मत संम्भार गर्ने वातावरण विकास गरिनेछ ।

२४. तुम्बेवा गाउँपालिकाका अन्तरर्गतका सबै वडा तथा वस्तीहरुमा केन्द्रिय विद्युत प्रसारण ग्रिड तथा विद्युत सहकारीको माध्यमबाट विद्युत विस्तार गर्न सम्बन्धित निकाय समक्ष विशेष पहल गरिनेछ ।

२५. तुम्बेवा गाउँपालिकामा सूचनाको हकलाई सुनिश्चित गर्न सामाजिक संञ्जाल, अनलाइन पोर्टल र विधुतीय माध्यमहरुको प्रयोग गरिनुको साथै कार्यालयको आधिकारिक वेबसाइटलाई अपडेट गर्दै लगिनेछ साथै गाउँपालिकाका कामकार्वाहीका बारेमा सामाजिक संञ्जाल, अनलाइन पोर्टल र विधुतीय माध्यम, स्थानीय संचारमाध्यम, पत्रपत्रिका र सूचनापाटी मार्फत सूचित गराइनेछ । **“सार्वजनिक सेवामा सुशासन, चुस्त र दुरुस्त सार्वजनिक**

**प्रशासन"** बनाउन प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाहमा जोड दिइनेछ साथै प्रवक्ता, सूचना अधिकारीको माध्यमबाट गाँउपालिका कामकार्वाहीलाई पारदर्शी बनाइनेछ ।

२६. तुम्बेवा गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत, एम.आइ.एस अपरेटर तथा फिल्ड सहायकको लागि गाउँपालिकाकाले व्यहोनुपर्ने पारिश्रमिकको व्यवस्था गरिनेछ ।

२७. प्राकृतिक सम्पदा, जैविक विविधता, बातावरणको संरक्षण गरी आगोलागी तथा वन फडानीलाई नियन्त्रण गर्न समुदायस्तरमा चेतना अभिबृद्धी गरी वन क्षेत्रको विकास, विस्तार र वन्यजन्तुहरुको संरक्षणमा जोड दिइनेछ ।

२८. ढुङ्गा, गिटी, बालुवा र अन्य प्राकृतिक श्रोतको उपयोग गर्दा आवश्यकता अनुसार EIA, IEE गरेर मात्र प्रयोग अनुमति गरिनेछ ।

२९. संविधान एवं स्थानीय सरकार संचालन ऐनमा गरिएको प्रावधान अनुसार कार्यसम्पादनका लागि आवश्यक सबै प्रकारका ऐन, नियम, कार्यविधि एवं मापदण्डहरु बनाई सार्वजनिकीकरण गर्दै कार्यान्वयनमा ल्याइनेछ ।

३०. विभिन्न क्षमता अभिबृद्धि तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी जनप्रतिनिधिहरु एवं कर्मचारीहरुलाई सबल र सक्षम बनाई निर्णय प्रक्रिया र सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ ।

३१. गाउँपालिका भित्र संचालन हुने योजनाहरु तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरुमा बैदेशिक रोजगारबाट फर्किएका तथा स्थानीय बेरोजगार युवाहरुलाई अभिलेखीकरण गरी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानिय तहमा दर्ता भएका बेरोजगार व्याक्तिहरुलाई न्यूनतम रोजगारी सृजना गर्न सार्वजनिक विकास निर्माण अन्तर्गत युवा रुपान्तरण पहल आयोजना र कामका लागि पारिश्रमिक आयोजनाहरु छनौट गरि गाउँपालिकाका तथा

वडागत योजनाहरुमा साझेदारीमा संचालन गरिनेछ। कृषि तथा पशु शाखा, उद्यम विकास कार्यक्रम (मेडपा) सँग समन्वय गरी आन्तरिक रोजगारी सृजना गर्नको लागि सीप विकास तालिमहरु संचालन गर्दै सरकारी, गैह्रसरकारी, निजी तथा सहकारीसँग समन्वय गरी रोजगारमूलक कार्यक्रमहरु संचालन गरिनेछ।

३२. स्थानीय स्तरमा श्रम बजारको माग र विद्यमान जनशक्ति उपलब्धताको विश्लेषण तथा प्रक्षेपण गरी स्थानीय क्षेत्रमा उपलब्ध सीमित स्रोत र साधनको उच्चतम उपभोग गरी अपेक्षित उपलब्धी हासिल गर्न स्थानीय स्तरका बेरोजगार युवाहरुलाई परिचालन गरी सार्वजनिक क्षेत्रको विकास निमार्ण कार्य र आयोजनाहरुमा रोजगारीको अवसर सिर्जना गरिनेछ।

३३. तुम्बेवा गाउँपालिका अन्तर्गका सहकारीहरुलाई प्रभावकारी रुपमा सहकारी शिक्षा, सुशासन सम्बन्धी आवश्यक तालिम प्रदान गर्दै प्रभावकारी रुपमा नियमन गरिनेछ।

३४. **"तुम्बेवाको वन : जनताको धन"** भन्ने नारामा आधारित रहि वनपैदावर निकासी तथा पैठारीमा व्यवस्थित गरि वन पैदावारबाट प्राप्त रोयल्टीको दरलाई समय सापेक्ष परिमार्जन गरिनेछ।

३५. तुम्बेवा गाँउपालिकामा विभिन्न प्रकोपबाट पीडित व्यक्ति तथा परिवारलाई विपद् व्यवस्थापन कोषको व्यवस्था गरी **"विपद् ब्यवस्थापन कोष संचालन कार्यविधि"** मार्फत राहत उपलब्ध गरिनेछ साथै जोखिममा परेका बस्तीहरुको पहिचान गरी नक्साङ्कन तथा स्थानान्तरण गर्न प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ। विपदपूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनीकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ।

३६. **"सार्वजनिक सेवामा सुशासन, चुस्त र दुरुस्त सार्वजनिक प्रशासन"** भन्ने नारालाई सार्थक बनाउन कर्मचारीको मनोबल उच्च राखि सेवा प्रवाहलाई

समय सापेक्ष बनाई विभिन्न क्षेत्रमा कार्यरत गाउँपालिकाका उत्कृष्ट कर्मचारीहरुलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिएकोछ ।

३७. प्रत्येक चौमासिकमा व्यक्तिगत घटना दर्ता कितावको विवरण पञ्जीकरण विभागमा पठाउने व्यवस्था मिलाइनेछ साथै प्रत्येक चौमासिकमा टोल-टोल मा घुम्ती शिविरसगैं व्यक्तिगत घटना तथा समाजिक सुरक्षा सम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ ।

३८. व्यक्तिगत घटना दर्ता तथा पञ्जीकरण सम्बन्धी कार्यहरु अनलाइन प्रणाली मार्फत व्यवस्थापन साथै यस सम्बन्धी सुचनाहरु एफ.एम. रेडियो, पर्चा पम्प्लेट, व्यानर मार्फत प्रचारप्रसार गरिनेछ । स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति भई जन्म भएको बालबच्चाको अनलाइन प्रणालीबाट जन्म दर्ता प्रमाण पत्र उपलब्ध गराउने प्रविधिको प्रयोगलाई अगाडी बढाइनेछ ।

३९. चौमासिक रुपमा ५ वटै वडाका विभिन्न टोलहरुमा जेष्ठ नागरिकहरुको स्वास्थ्य जाँच तथा व्यक्तिगत घटना दर्ता घुम्तिशिविर संचालन गरिनेछ ।

४०. संघीय सरकारको नीति तथा कार्यक्रम बमोजिम तुम्बेवा गाउँपालिकामा ५ शैयाको अस्पतालको निर्माण कार्य सुरु गरिनेछ ।

४१. मृगौला प्रत्यारोपण, डाइलाइसीस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्डका पक्षघात भएका बिरामीहरुलाई कार्यविधिमा उल्लेख भए बमोजिमको रकम भुक्तानी गर्नको लागि सोधभर्ना बापतको रकमको उपचार सहायता कोषको स्थापना गरी त्रैमासिक रुपमा नियम अनुसार भुक्तानी गरिनेछ ।

४२. तुम्बेवा गाउँपालिका भित्रका विपन्न नागरिकहरुलाई औषधी उपचार सहायता बापतको रकम उपचार सहायता कोषको परिचालन गरी विपन्न नागरिक व्यक्तिहरुको उपचार सहयोग अनुदान कार्यविधि मार्फत गरिनेछ ।

४३. तुम्बेवा गाउँपालिकाको विकटता, जनताको जीवनस्तर विश्लेषण गर्दै स्वास्थ्य सेवाको पहुँच स्थापित गर्न गर्भवती, सुत्केरी र 'क' बर्गको अपांङगता भएका व्यक्तिहरुलाई एम्बुलेन्स मार्फत संस्थागत सुत्केरी वा उपचारको लागि प्रेषण सेवा कार्यविधि तयार गरी निःशुल्क सेवा प्रदान गरिनेछ ।

४४. स्वास्थ्य चौकी हाङ्गुममा बर्थिङ सेन्टरलाई औपचारिक रुपमा उद्घाटन गरी सेवा संचालन गरिनेछ साथै स्वास्थ्य संस्थाहरुलाई थप सुदृढिकरण गर्दै लगिनेछ ।

४५. नेपाल सरकार र युनिसेफबाट संचालन भइरहेको बहुक्षेत्रिय पोषण योजना कार्यक्रमलाई ५ वटै वडाहरुमा विस्तार गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

४६. क्षयरोगको जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सक्रिय क्षयरोग खोजपड्ताल कार्यक्रम, घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षणका लागि शिविर संचालन, कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिमहरु संचालन गरिनेछ ।

४७. स्वास्थ्य सचेतिकरण कार्यक्रम सहित नियमित खोप सुदृढिकरण, विद्यालय स्किनिङ कार्यक्रम र स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

४८. स्वास्थ्य जीवन कार्यक्रम अन्तर्गत रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नदिनुनै उत्तम हुने हुँदा रोग लाग्न नदिनको लागि स्वास्थ्य जीवनशैलीको बारेमा जनमानस सचेतना अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

४९. सम्पूर्ण स्वास्थ्य संस्थाहरुको सामाजिक लेखापरिक्षण गरी सेवाको गुणस्तरहरुको स्व-मूल्यांकन गरी सेवा थप गुणस्तरिय बनाइनेछ ।

५०. न्यूनतम तापक्रममा राख्नुपर्ने औषधी सामग्रीको लागि WHO बाट मान्यता प्राप्त Refrigerator व्यवस्था गरी भ्याक्सिनजन्य सामाग्रीहरुको प्रभावकारीता कायम राखिनेछ ।

५१. नाक, कान, घाँटी, अपाङ्गता पहिचान, विद्यालय आइरन चक्की वितरण अर्धबार्षिक जुकाको औषधी तथा सचेतना कार्यक्रम विद्यालयमा निरन्तर संचालन गरिनेछ ।

५२. कोभिड-१९ को व्यवस्थापन, भ्याक्सिन संचालन र खोपको विद्युतीय प्रमाणीकरणलाई थप प्रभावकारी बनाउदै महामारीजन्य रोग र विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन समिति गठन तथा आवश्यक तालिमको व्यवस्था गरी भैपरी आउने विपद्ले जनधनमा हुने क्षति न्यूनीकरण गरिनेछ ।

५३. पाँच बर्ष मुनिका बालबालिकाहरुमा हुने कुपोषणको समस्यालाई न्यूनीकरण गर्न बृहत पोषण प्याकेज कार्यक्रम अन्तर्गत समाबेश भएका कार्यक्रमहरुलाई नियमित संचालनमा ल्याइनेछ ।

५४. स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारले निर्दिष्ट गरेका ९८ प्रकारका औषधीहरु नियमित उपलब्ध गराइनेछ ।

५५. स्वास्थ्य क्षेत्रको खम्बाको रुपमा काम गरिरहनु भएका राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई वहाँहरुको काममा थप उर्जा प्रदान गर्न पोषाक, प्रोत्साहन र यातायात खर्च र अन्य सेवा सुविधा नियमित रुपमा प्रदान गरिनेछ ।

५६. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गर्दै वहाँहरुको प्रतिनिधित्व सहितको समावेशी समाज निर्माणका लागि तुम्बेवा गाउँपालिकाको नेतृत्व तथा १ नं. प्रदेश सरकार र करुणा फाउण्डेशन नेपालको लागत साझेदारीमा संचालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५७. अपाङगता भएका व्यक्तिहरुको पुनर्स्थापनाको लागि औषधी उपचार, सहयोगी सामाग्री लगायत पुनर्स्थापनाका ५ वटा महत्वपूर्ण विषयहरु स्वास्थ्य, शिक्षा जिविकोपार्जन सशक्तिकरण र समावेशी सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ साथै सबै अपाङगता भएका व्यक्तिहरु पहिचान गरी समयमानै परिचय पत्र उपलब्ध गरिनेछ ।

५८. मातृ शिशु स्वास्थ्य प्रवर्द्धन तथा जन्मजात विकसित हुन सक्ने अपाङगता न्यूनीकरणका लागि स्थानीय स्वास्थ्य संस्था मार्फत सन्तानको योजना बनाएका दम्पतिहरुलाई निःशुल्क रुपमा फोलिक एसिड चक्कि वितरण गर्ने र समुदायस्तरमानै गर्भवती महिलाको भिडियो एक्सरे मार्फत जाँच गर्ने कार्यलाई थप प्रवाभाकारी बनाइनेछ ।

५९. पालिका भित्र रहेका सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुको संचारको अधिकारलाई सुनिश्चित गर्ने सांकेतिक भाषाको दोभाषे उत्पादन तथा व्यवस्थापनका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

६०. पालिकामा अपाङगता भएका व्यक्तिहरुको सहयोग र सहजिकरणको लागि अपाङगता सहायता कक्ष (Help Desk) स्थापना गरी संचालन गरिनेछ ।

६१. नेपाल सरकारबाट उपलब्ध सर्शत वित्तीय हस्तान्तरणमा स्थानीय तहले श्रोतहरुको उपलब्धताका आधारमा पोषण कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी आन्तरिक श्रोतबाट समेत बजेट थप गरी बहुक्षेत्रिय पोषण योजनाले लक्षित गरेका क्षेत्रहरुको ( स्वास्थ्य, कृषि, पशुपंक्षी, महिला विकास, शिक्षा, खानेपानी तथा सरसफाई र शासकीय प्रवन्ध) कार्यक्रमलाई मध्यनजर गरी विपन्न समुदायका महिला समूह वा सहकारी आयआर्जन, पोषण सुधारको लागि विद्यालय खानेपानी, शौचालय तथा महिनावारी सरसफाई व्यवस्थापन

साथै सुनौलो हजार दिनका महिला, बालबालिका र किशोर किशोरीहरुलाई लक्षित गरी कार्यक्रम संचालन गरिनेछ ।

६२. आयुर्वेद सम्बन्धी अत्यावश्यक स्वास्थ्य तथा चिकित्सा सम्बन्धी यन्त्र उपकरण निःशुल्क औषधी तथा मेसिन औजारको व्यवस्थापन गरिनेछ ।

६३. आयुर्वेद सेवाको सहज पहुँच नपुगेका टोल बस्तीहरुमा समेत विभन्न किसिमका सर्ने/नसर्ने रोगका वारेमा नागरिक आरोग्य कार्यक्रम/गाउँघर क्लिनिक/ शहरी क्लिनिक संचालनबाट सेवा प्रदान गरिनेछ ।

६४. नसर्ने रोग व्यवस्थापन गर्ने उद्येश्यका साथ गत बर्ष योगाहलको निर्माण गरिएको र यस आ.व.मा योगाहलको व्यवस्थापनको लागि सिलिङ र रङरोगन गरी दैनिक योग गर्नको लागि प्रोत्साहन गरिनेछ ।

६५. नागरिक आरोग्य कार्यक्रम अन्तर्गत “मेरो स्वास्थ्य मेरो जिम्मेवारी” भन्ने नारालाई सार्थक तुल्याउन स्वास्थ्य जीवनशैलीका वारेमा नागरिकलाई सूचित गराई “निरोगी नेपाल अभियान”लाई अघि बढाउन यो कार्यक्रम संचालन गरिनेछ ।

६६. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मार्फत स्वास्थ्य वृत्त ( दिनचर्या, ऋतुचर्या, आहारविहार आदि ) सद्वृत आचार रसायन जीवनशैली सम्बन्धी सचेतना तथा स्थानीयस्तरमा प्राप्त हुने जडिबुट्टीको उपयोगीताको बारेमा सचेतिकरण र विद्यालयमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

६७. स्तनपाई आमालाई मातृशिशु सुरक्षा, दुग्धवर्धक जडिबुट्टीजन्य औषधी कार्यक्रम मार्फत मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाई आमा र बच्चाको स्वास्थ्य सुधार गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

६८. जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्द्धन सेवा र पुर्वकर्म कार्यक्रमबाट आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिने नागरिकहरुको नियमित रुपमा स्वास्थ्य जाँच तथा सेवा उपलब्ध गरिनेछ ।

६९. महिला सशक्तिकरण अन्तर्गत सचेतना तथा नेतृत्व विकास तालिम, महिला कानूनी तथा स्थानीय ऐन नियम र लैंगिक उत्तरदायी सम्बन्धी अभिमूखिकरण, महिला सहकारी संस्थाहरुको स्तरउन्नती साथै लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन गरिनेछ ।

७०. जेष्ठ नागरिक, बालबालिका र ‘क’ र ‘ख’ वर्गका अपाङ्गता भएका व्यक्तिहरुको हकमा व्याग, ब्ल्याङकेट र न्यानो कपडाको व्यवस्थापन गरिनेछ ।

७१. किशोर-किशोरीहरुलाई जीवनउपयोगी कार्यक्रम अन्तर्गत लागु औषध दुर्व्यसनी, बालविवाह, बहुविवाह न्यूनीकराण सम्बन्धी साथै ‘ग’ र ‘घ’ वर्गका अपाङगता भएका व्यक्तिहरुलाई स्वास्थ्य हेरचाह र परामर्श सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

७२. विश्वव्यापी रुपमा सूचना तथा संचार प्रविधिको बढ्दो प्रयोग, सामाजिक अन्तक्रिया तथा सार्वजनिक सेवा तथा सूचना प्रवाहमा आधारभूत परिवर्तन भई सूचना तथा संचार प्रविधिको प्रयोगबाट सुशासनको प्रत्याभूत गरी प्रभाकारी एवम् पारदर्शि सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन गर्न कर्मचारी तथा जनप्रतिनिधिहरुको ICT सम्बन्धी क्षमता अभिबृद्धि, वडा सचिवहरुको लागि MIS तालिम र अन्य सूचना प्रविधिसँग सम्बन्धीत तालिमहरु संचालन गरिनेछ ।

७३. दिगो विकासका बृहत्तर लक्ष्य र सूचना तथा संचार प्रविधिसँग अवलम्बन गरिएका रणनीतिहरु हासिल गर्न हाल पालिकामा प्रविधिसँग जोडिएका प्रणालीको प्रयोग र क्षमतालाई क्रमश विस्तार गर्दै लगिनेछ ।

७४. आमनागरिकहरुको सुरक्षा र अपराध न्यूनीकरण गर्न प्रविधिसँग जोडिएका सामाग्रीहरुको प्रयोगलाई निरन्तरता दिदै आवश्यक ठाउँहरुमा थप विस्तार गरिनेछ ।

७५. सरकारी कार्यालयहरुमा कर्मचारीहरुको हाजिरी प्रणाली व्यवस्थित, मर्यादित र नियमित बनाई कर्मचारीहरु प्रति जनताको विश्वासलाई बढाउदै लैजानको लागि विद्युतीय हाजिरीलाई निरन्तरता दिइनेछ ।

७६. पशुपालनलाई आयमुलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशिल व्यवसायको रुपमा विकास गर्न र पशु स्वास्थ्य सुधारका निम्ति रोगको रोकथाम र उपचारका लागि आवश्यक विभिन्न खोप, औषधी तथा पोषिलो उपचारात्मक औषधी व्यवस्थापन गरिनेछ ।

७७. पशुनश्ल सुधार कार्यक्रम अन्तर्गत कृतिम गर्भधारण कार्यक्रमलाई निरन्तरता दिई दुध र मासुजन्य उत्पादनमा बृद्धि गरी निर्वाहमुखि कृषि प्रणालीलाई आधुनिक तथा व्यवसायीकरण गर्दै लगिनेछ ।

७८. गाई, भैंसी, बाखा, बंगुर र कुखुरा पालनलाई व्यवस्थित र व्यवसायीक बनाउन कृषकहरुलाई आवश्यक पर्ने विभिन्न तालिमहरु संचालन गरी आयआर्जनमा बृद्धि गर्दै लगिनेछ ।

७९. पशुपालन व्यवसायको जोखिम न्यूनीकरणको लागि **पशु बीमा कार्यक्रममा** सहभागी हुन कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

८०. कृषि तथा साना उद्योगलाई प्रवर्द्धन गर्नको लागि **सानाडेरी** उद्योगको व्यवस्थापन तथा उत्पादित सामाग्रीको बजारको व्यवस्थापन गर्दै लगिनेछ।

८१. पशुपालनलाई आधुनिक र व्यवसायीक बनाउन गोठ तथा खोर सुधार निर्माण कार्यको लागि अनुदान साथै विभिन्न किसिमका हिँउदे तथा बर्खे घाँसको विऊ र विरुवाको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**गाउँसभाका सदस्यहरु,**

८२. आगामी आर्थिक बर्षमा शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई तीन खम्बे स्तम्भको केन्द्र विन्दुमा राखि **साक्षर नेपाल अभियानका** लागि साक्षरतासँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सन्चालन गर्न व्यापक सरोकारवालाहरु परिचालन गरि गाउँपालिका भित्र रहेका गरिब तथा जेहेन्दार बिद्यार्थीहरुलाई प्राविधिक उच्च शिक्षा अध्ययनका लागि आवश्यक मापदण्डको आधारमा **छात्रबृत्ति** उपलब्ध गराइ गुणस्तरीय शिक्षाको पहुँचमा बृद्धि गराइनेछ ।

८३. **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न शिक्षासँग सम्बन्धीत निकायमा पहल गरिनेछ ।

८४. **"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने नारालाई सार्थक बनाउन पालिकास्तरीय **अध्यक्षकप फुटबल तथा व्याडमिन्टन** प्रतियोगिता संचालन गरिनेछ ।

८५. प्रारम्भिक बालविकास केन्द्रका शिक्षिकाहरुलाई बालबालिकाको सिकाईमा गुणस्तरियता कायम गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ साथै प्रारम्भिक बालविकास केन्द्रहरुलाई आवश्यक बाल सामाग्रीको व्यवस्थापन गरिनेछ ।

८६. विद्यालयमा विज्ञान शिक्षालाई प्रभावकारी बनाउन बिज्ञान प्रयोगशाला निर्माण र व्यवस्थापन गर्दै गाउँपालिका भित्रको एक वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा स्थापित गरिनेछ ।

८७. स्थानीय भाषा, मातृभाषा, संस्कृति, सभ्यता, मूल्यमान्यता र राष्ट्रिय एकताको सम्बर्द्धन गर्न स्थानीय परिवेशमा आधारित **स्थानीय पाठ्यक्रम** निर्माण तथा प्रबोधीकरण गरि कार्यन्वयनमा ल्याइने नीति

अवलम्बन गरिनेछ ।

८८. माध्यमिक तथा आधारभूत विद्यालयमा प्रविधिमैत्री शिक्षण सिकाईको लागि ICT कार्यक्रम थप प्रभावकारी बनाइनेछ ।

८९. नेपाल सरकारले ल्याएको एकीकृत पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विद्यालय शिक्षालाई गुणस्तरीय बनाउदै शिक्षकको समय सापेक्ष वृत्तिविकासमा ध्यान दिइ IEMIS र ICT सम्बन्धी पुर्नताजकी तालिम सञ्चालन गरिनेछ ।

९०. शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक, अभिभावक, जनप्रतिनिधि लगायत सम्पूर्ण सरोकारवालाहरुको सहभागितामा **विद्यालयसँग स्थानीय सरकार कार्यक्रम** सञ्चालन गरिनेछ । विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन विस्तार क्रमश गर्दै लगिनेछ ।

९१. खेलकुदको माध्यमबाट गाउँपालिकालाई राष्ट्रिय रुपमा चिनाउन पालिकास्तरमा **राष्ट्रपति रनिङ्ग शिल्ड को आयोजना गरी** शैक्षिक क्षेत्रमा कार्यरत सरोकारवालाहरुको आत्मबललाई उच्च राख्न **शिक्षा दिवस, बाल दिवस** जस्ता कार्यक्रमहरु संचालन गर्दै विद्यार्थीहरुको सिर्जनात्मक क्रियाकलापमा ध्यान दिदै शैक्षिक क्षेत्रको विकास गरिनेछ ।

९२. विद्यालयलाई सुन्दर र हराबरा बनाउन आगामी ५ बर्षमा चार हजार विरुवा रोप्ने लक्ष्य राखि भूगोल अनुसारको विरुवाहरु छनौट गरी अध्यक्ष/उपाध्यक्ष बृक्षारोपण कार्यक्रम संचालन गर्ने ।

९३. आगामी ५ बर्षका लागि गाउँ शिक्षा योजना निर्माण गरी कार्यन्वयन गरिनेछ । शिक्षण सहयोग अनुदान रकमको कोष खडा गरी न्यायोचित

वितरणको व्यवस्था मिलाइनेछ। दरबन्दी मिलानबाट देखिएको समस्या/ शिक्षक अभावको विषयलाई न्यायोचित सम्बोधन गरिनेछ।

१४. तीनै तहको सरकारहरुको समन्वयमा पालिकाको एउटा विद्यालयलाई प्राविधिक शिक्षालयको रुपमा स्थापीत गर्न आवश्यक प्रक्रिया अगाढी बढाइनेछ। साथै निरन्तर रुपमा तीन बर्षसम्म ८० प्रतिशत विद्यार्थीले व्यक्तिगत नतिजा ८० प्रतिशत वा सोभन्दा माथि ल्याउने विद्यालयलाई स्कूल बसको व्यवस्था गरिनेछ।

१५. विद्यालय स्व-मूल्यांकन कार्यक्रम संचालन गरी उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्दै लगिनेछ। सम्बन्धीत वडाका वडा अध्यक्ष तथा सदस्यहरुलाई शिक्षकहरुको विदा सम्बन्धमा नियमानुसार अनुगमन गर्ने अधिकारको व्यवस्था गरिनेछ।

१६. यसै अर्थिक बर्ष देखि पालिकाको ५ वटै वडाहरुमा एक/एक वटा उत्कृष्ट नमूना कृषि फर्म संचालन गर्न आवश्यक प्रक्रिया अगाडी बढाइनेछ। नियम र मापदण्ड बमोजिम संचालन भएका फर्महरुलाई आवश्यकता अनुसार अध्ययन र अनुसन्धान केन्द्रको रुपमा विस्तार गर्दै लगिनेछ।

१७. कृषि ज्ञान केन्द्रसँग समन्वय गरी भूगोल सुहाउदो व्यवसायीक फलफुल खेती गर्नको लागि भूगोल अनुसारको लिचि, आँप, अनार, किवि, एबोकाडो खेतीको सुरुवात गरिनेछ। एक घर एक सय बोट लिची, अनार र आँपको कार्यक्रम कार्यान्वयन गरिनेछ।

१८. समूहगत फर्म दर्ता गरी गाई, भैंसी, बाखा, बंगर, कुखुरा, माछापालन तथा तरकारी खेती गर्न आवश्यक टनेल, ग्रिनहाउस, प्लाष्टिक पोखरीको व्यवस्थापन गरी दैनिक ज्यालादारीमा मजदुरको व्यवस्था गरी मौषम अनुसारको बाली उत्पादनमा विशेष जोड दिइनेछ।

९९. कृषिलाई समृद्ध तुम्बेवाको मुल आधारको रुपमा स्थापित गरी यस क्षेत्रका जनताको आय र जीवनस्तरमा बृद्धि गर्न उपयुक्तबालीहरुको पहिचान गरी कृषिमा विविधिकरण र व्यवसायीकरण गरिनेछ ।

१००. कृषि जन्यवस्तुको उत्पादनमा विशेष अनुदानको लागी नीतिगत व्यवस्था गरी सामुहिक व्यवसायको लागि प्रोत्साहन गरिनेछ । जिविकोपार्जन वा निर्वाहमुखी कृषि पद्धतिलाई परिवर्तन गरी व्यवसायीक तर्फ उन्मुख गरिनेछ।

१०१. कृषि उत्पादनमा बृद्धिको लागि उन्नत विभिन्न तरकारीको बीउ, च्याउको बीउ विजन, अकबरे खुर्सानी खेती विस्तार तथा प्रविधि समयानुकूल उपलब्ध गराउने ।

१०२. कृषिबाली प्रविधिकरण र व्यवसायीकरणमा जोड दिई तुलनात्मक लाभको खेती योजना गाउँपालिका स्तरमा तयार गरी कार्यान्वयन गर्ने । माटोको उर्वराशक्ति कायम राख्दै रासायनिक मलको आयातलाई न्यूनीकरण गर्न हरियो मल, कम्पोष्ट मल, गोबर मल तथा जैविक मल, गडयौले मलको प्रयोग बढाई अर्गानिक खेतिमा जोड दिइनेछ ।

१०३. कृषितर्फ प्राविधिक जनशक्ति थप गरी “एक गाउँ एक प्राविधिक” कार्यक्रमलाई प्रभावकारी रुपमा ल्याइनेछ । माटो परिक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।

१०४. गाउँपालिका भित्रका उपयुक्त क्षेत्रहरुलाई सम्बन्धीत उत्पादन अनुसार साना व्यवसायिक पकेट क्षेत्रको रुपमा विकास र विस्तार गर्दै लगिनेछ ।

१०५. दिगो र व्यावसायिक कृषि विकासद्धारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन जोड दिइनेछ । सम्भाव्यताको आधारमा पकेट क्षेत्र

छनौट गरि अदुवा, बदाम, फलफूल, तरकारी तथा कफि जस्ता विशेष बालीको वयवसायीक कार्यक्रमलाई प्रोत्साहन दिइनेछ ।

१०६. कृषि बालहिरुमा आईपर्ने विभिन्न **अमेरिकन फौजीकीरा**, **डढुवा** रोग वा अन्य समस्याहरुको निराकरण तथा व्यवस्थापन गर्न वानस्पतीक साथै रासायनीक विषादिहरुको व्यवस्था गरिनेछ साथै आकस्मीक क्षतीहरुबाट बालीहरुलाई जोगाउन आकसमिक बाली सरंक्षण जस्ता कार्यक्रमहरु सचांलन गरीनेछ । उन्नत कृषि प्रविधि सम्बन्धी साना प्रदर्शन सामाग्री ( फेरोमेन ट्राप, एलो स्टिकि ट्राप, लाईट ट्राप आदि) वितरण गरिनेछ ।

१०७. गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमको मेडपा मोडल अनुरुप स्थानीय तह आफैले यस गाउँपालिकाको उद्योग विकास शाखा र व्यवसाय विकास सेवा प्रदायक संस्था मार्फत समेत आवश्यकता अनुसार कृयाकलापहरु संचालन र परिचालन गरिनेछ । साथै नयाँ उद्यमी सृजना तर्फ उद्यमविकासका लागि सामाजिक परिचालन सहभागितामूलक ग्रामीण लेखाजोखा पद्यतीबाट स्थानीय श्रोतसाधन पहिचान, लक्षित समूह वर्ग पहिचान, सम्पन्नता स्तरीकरण, संभावित उद्यमी छनौट, समूह गठन, परिचालन, नेतृत्वको विकासका कृयाकलापहरु संचालन गरिनेछ ।

१०८. गरिव तथा पहुँचमा नरहेका साना उद्यमीहरुका लागि कुनै एक ठाउँ छनौट गरी साझा सुविधा केन्द्रको स्थापना गरीने छ । आवश्यकता पहिचानका आधारमा पुर्नताजकी र एड्भान्स सिप बिकास तालिम कार्यकम संचालन गरीने छ । संम्भाव्य उत्पादनको उत्पादकत्व बृद्धी गर्न आवश्यक प्रविधीको हस्तानतरण गरीने छ ।

१०९. विषयगत शाखा कार्यालयहरुसँग सञ्चालित गरिबी निवारण तथा रोजगारी सिर्जना हुने कार्यक्रमकरु बीच समन्वयन र सहकार्य गरि गाँउपालिका भित्र स्थानीय सीप, स्रोत र साधनलाई सदुपयोग गरी घरेलु तथा साना उद्योग स्थापनाको लागि प्रोत्साहन गरिनेछ ।

११०. तुम्बेवा गाउँपालिका भित्रका सम्पूर्ण निर्माणकर्मी र सरोकारवाला उपभोक्ता समितिलाई भुकम्प प्रतिरोधी भवन निर्माण तथा उपभोक्ता समितिबाट संचालन गरिने कामहरुको बारेमा तालिम कार्यक्रम संचालन गरिनेछ ।

१११. धार्मिक दृष्टिले महत्वपूर्ण तुम्वेवा मन्दिर, जालपादेवी मन्दिर, धुवाँराजा-धुवाँरानी र इन्द्रावती मन्दिर, जगतउद्धार बौध गुम्बा, तुम्बेवा गाउँपालिकाको केन्द्र विन्दुको रुपमा रहेको हात्तिकिच्चेलाई तुम्बेवा पार्कको रुपमा विकास गर्दै, शहिदपार्कलाई आन्तरिक धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास क्रमश गरिनेछ ।

११२. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही स्थानीयस्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न वडास्तरीय मेलमिलापकर्ताहरुको गठन, आवश्यक तालिम र सूचिकृत गरी निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी न्याय सम्पादन गर्न प्रणालीको रुपमा विकास गरिनेछ ।

११३. गाउँपालिका तथा न्यायिक समितिको न्याय प्रणालीलाई सरल, सहज बनाउन घरदैलो अभियान सञ्चालन गर्दै सबै जनताको न्यायमा पहुँच सुनिश्चित गरिनेछ ।

**सम्पूर्ण सदस्यहरु,**

११४. स्थानीय सहकारी संस्थाहरुको दर्ता, नवीकरण तथा व्यवस्थापन तथा पारदर्शिता तथा अनुमानयोग्य बनाउदै नियमनकारी भूमिका निर्वाह गरिनेछ ।

११५. स्थानीय सरकार सँगको सम्बन्धित जनताको चासो, सरोकार र गुनासो सुनुवाई गर्न र जनप्रतिनिधि, कर्मचारीसँग जनताको प्रत्यक्ष अन्तरक्रिया कार्यक्रमलाई संचालनमा ल्याइनेछ ।

अन्त्यमा,

राजनीतिक समाजिक तथा आर्थिक उपलब्धीलाई संरक्षण गर्दे थप उन्नत बनाउने तुम्बेवाको हित, गौरब, सम्मान र स्वाभिमान बृद्धि गर्ने र सबैसँगको सम्बन्धमा सुदृढ गर्ने, महामारीबाट प्रभावित सामाजिक, आर्थिक क्षेत्रहरुलाई पुर्नजीवन दिई विकास निर्माणलाई तिव्रता दिने अठोटका साथ आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।
प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट लक्ष्य अनुसारको आर्थिक वृद्धि, महामारीको असर न्यूनीकरण, सामाजिक आर्थिक क्षेत्र गतिशिल भई पारस्परिक सम्मान र अवसर, विकासका लाभहरुको समन्यायिक वितरण सहितको सामाजिक न्याय कायम हुनेछ । यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु । यस गाउँसभामा उपस्थित सम्पूर्ण सभाका सदस्यहरु, नीति कार्यक्रम तर्जुमा कार्यमा अहोरात्र खटिनुहुने श्रद्धेय उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्य तथा वडा सदस्यज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा तथा राजश्वपरामर्श, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी ज्यूहरु लगायत नीति कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने बुद्धिजीवि, सरोकारवालाहरु तथा सम्पूर्ण तुम्बेवाबासी जनतामा सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

बाबुराम खड्का
अध्यक्ष